# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ बैशाख २० गते

**महाभूकम्प पीडितलाई प्रभावकारी रुपमा राहत वितरण गर्न आयोगको निर्देशन।**

बैशाख १२ गते आएको महाभूकम्पबाट पीडितहरुलाई प्रभावकारी रुपमा राहत वितरण गर्न सरकारलाई आयोगले निर्देशन दिएको छ । आयोगका सदस्यद्वय सुदिप पाठक र गोविन्द शर्मा पौड्यालको नेतृत्वमा रहेको अलग - अलग अनुगमन टोलीले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका विभिन्न क्षेत्रमा गरिएको अनुगमन तथा अवलोकनबाट महाभूकम्पबाट पीडितहरुले राहत पाउन नसकेको निष्कर्षका साथ सो प्रभावकारी रुपमा वितरण गर्न सरकारलाई निर्देशन दिएको हो ।

यसैगरी आयोगको अनुगमनको क्रममा पीडितहरु बस्ने, खाने र औषधि उपचारको अधिकारबाट वञ्चित रहेको पाइएको छ । महाभूकम्पबाट पीडितहरुको उद्धार कार्यलाई पहिलो प्राथमिकतामा राखी घरबारविहीन एवं घर बाहिर बस्न बाध्य पीडितहरुलाई जतिसक्दो चाँडो त्रिपाल र खाद्यान्नको व्यवस्था गर्न आयोगले आज एक पत्र पठाई नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । राहत सामग्री निष्पक्ष ढंगबाट वितरण नभएको जनगुनासोलाई दृष्टिगत गरी आयोगले गर्भवती महिला, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरु, बालबालिकाहरूका लागि तत्कालै विशेष व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ । राहत सामग्री वितरणमा राजनीतिकरण भएको गुनासो अधिकांश क्षेत्रबाट प्राप्त भएको हुंदा त्यस्तो कार्यलाई तत्काल रोकी राहतका सामग्री सीधै पीडितसमक्ष पुऱ्याउने व्यवस्था मिलाउन आयोगले सरोकारवालालाई आग्रह गर्दछ ।

महाभूकम्पबाट प्रभावित क्षेत्रहरूमा फैलन सक्ने सम्भावित महामारीलाई रोक्नको लागि तत्कालै प्रभावकारी व्यवस्था गरी भूकम्पपीडित, मृतकका परिवार र घरबारविहीनहरुका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई पीडित तथा प्रभावितहरुको अविलम्ब उचित व्यवस्थापन गर्न आयोग आग्रह गर्दछ।

यसैगरी आयोगले महाभूकम्प पीडितहरुको अवस्थाको अनुगमन गर्न बैशाख २१ गते सदस्य प्रकाश वस्तीको नेतृत्वमा सिन्धुपाल्चोक र दोलखा तथा सदस्य सुदिप पाठकको नेतृत्वमा धादिङ र गोरखा पठाउने भएको छ।

वेद प्रसाद भट्टराई
का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,